मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नगर कार्यपालिका बैठक

मिति : २०७७ चैत्र २५ गते बुधबार

प्रस्तावहरु:

१. कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको समिक्षा ।

२. नगर विकास र सेवा प्रवाह सुधार सम्वन्धी समसामयिक छलफल।

३. आ.व २०७७/०७८ को फागुन मसान्तसम्म संकलन भएको राजश्वको समिक्षा सम्बन्धमा ।

४. राजश्व परामर्श समितिको बैठकबाट भएका सिफारिस सम्बन्धमा ।

५. SOCIAL CHANGE MAKERS AND INNOVATORS (SOCHAI) को "पोषणका लागि युवा" भन्ने कार्यक्रम संचालनको लागि अनुमति माग सम्बन्धमा ।

६. श्रेष्ठ आर. एन. यातायात प्रा.लि.द्वारा अटोरिक्सा तथा इ-रिक्सा संचालनको लागि रुट परीक्षणका लागि अनुमति माग सम्बन्धमा ।

७. मे.न.पा-१३ मा आ.व २०७७/०७८ मा फटकशिला खानेपानी शिर्षकमा विनियोजन भएको रकम रु २५०००००/ कार्यान्वयनको लागि फटकशिला ग्रामीण खानेपानी तथा सरसफाई उ.स दर्ता तथा सम्झौता कार्य अगाडि बढाइदिने सम्बन्धमा ।

८. संघ र प्रदेशमा माग गर्ने योजना (आ.व. २०७८/७९) सम्बन्धमा ।

९. वडा नं १०,१२ र १३ को क्रसर प्रभावित क्षेत्रको योजना सम्वन्धमा ।

१०. २ नं. वडा समितिको योजना तथा बजेट संशोधन सम्वन्धी प्रस्ताव सम्बन्धमा ।

११. नगर बाल अधिकार समितिको गठनको लागि सदस्य तोकिएको सम्बन्धमा ।

१२. आफ्नो गाउँ आफैं बनाउँ विशेष कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

१३. विविध:

१. मे.न.पा-१०, स्थित मेलम्ची बालुवा प्रशोधन प्रा.लि. र मे.न.पा-१२, बाँसबारी स्थित रक्तमाला रोडा ढुंगा उद्योग प्रा.लि. लामो समय देखि भौगोलिक अवस्था साथै कोभिड लगायत विविध कारण सञ्चालनमा नआएकोले आर्थिक स्थिति अत्यन्तै कमजोर भइ धरासायी भएको र यस वर्ष कच्चा पदार्थ समेत उत्खनन् गर्न नसकेको हुँदा कम्पनीले नगरपालिकालाई राजस्व रकम दाखिला गर्न नसकेको सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

१. नगर सभा र कार्यपालिकाका विभिन्न मितिका बैठकको निर्णय कार्यान्वयन प्रगति सम्बन्धमा छलफल भयो । कार्यान्वयन हुन बाँकी निर्णयहरु शिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखालाई निर्देशन दिने एवं स्वीकृत योजना/कार्यक्रमहरुको दोश्रो चौमासिक प्रगति समिक्षा २०७७ चैत्र २६ गते गर्ने निर्णय भयो।

२. स्वीकृत एकिकृत नगर विकास गुरुयोजना अनुसार योजना तथा कार्यक्रम बनाइ सेवा प्रवाहमा सुधार गर्न आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम तर्जुमा तथा बजेट सिलिङ्ग तयारीको लागि विभिन्न विषयगत समितिको बैठक देहाय बमोजिम बस्ने निर्णय गरियो।

| क्र.सं. | समितिको नाम | बैठक मिति |
|---|---|---|
| १ | आर्थिक विकास समिति | २०७८ बैशाख ६ गते |
| २ | पूर्वाधार विकास समिति | २०७८ बैशाख ६ गते |
| ३ | लेखा समिति | २०७८ बैशाख ६ गते |
| ४ | संस्था विकास तथा क्षमता विकास समिति | २०७८ बैशाख ७ गते |
| ५ | सामाजिक विकास समिति | २०७८ बैशाख ७ गते |
| ६ | वातावरण तथा विपद व्यवस्थापन समिति | २०७८ बैशाख ८ गते |
| ७ | विधायन समिति | २०७८ बैशाख ८ गते |
| ८ | राजश्व परामर्श समिति | २०७८ बैशाख ८ गते |
| ९ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०७८ बैशाख ९ गते |

३. आ.व २०७७/०७८ को फागुन मसान्तसम्ममा नगरपालिका र मातहत वडा समितिको कार्यालयबाट संकलित राजश्वको प्रगति समिक्षा गरियो। तुलनात्मक रुपमा कम राजश्व संकलन भएका वडाहरुमा राजश्व संकलनमा सुधार ल्याउन आवश्यक क्षमता विकास सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न तथा सेवा प्रवाह सुधार समिति तथा सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

४. राजश्व परामर्श समितिको बैठकबाट भएका सिफारिस भएबमोजिम मेनपा १२ स्थित बज्र वासिङ्ग सेन्टर हाल सञ्चालनमा आई नसकेको अवस्थालाई मध्येनजर गरी न्यूनतम क्रशर व्यवसाय शुल्क बापत रु. ५०००००। र बहाल बिटौरी शुल्क बुझाएमा नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमती दिने।

५. SOCIAL CHANGE MAKERS AND INNOVATORS (SOCHAI) को "पोषणका लागि युवा" भन्ने कार्यक्रम संचालनको लागि अनुमति माग भए बमोजिम नगर भित्रका विद्यालय तथा समूदायमा पोषण सुधार सम्वन्धी कार्यक्रम सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो।

६. श्रेष्ठ आर. एन. यातायात प्रा.लि.द्वारा अटोरिक्सा तथा इ-रिक्सा संचालनको लागि अनुमती माग भएकोमा स्वीकृत कार्यविधि बमोजिम तोकिएको शुल्क दस्तुर बुझाइ निर्धारित रकम भन्दा बढी भाडा लिन नपाउने गरी मेलम्ची नगरपालिका क्षेत्रभित्र तोकिएका रुटहरुमा अटो रिक्सा सञ्चालन गर्न स्थानीय सरकार सञचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को देहाय ट. को खण्ड (२) बमोजिम अनुमती दिने।

७. मे.न.पा-१३ मा क्रसर प्रभावित क्षेत्रको लागि कार्यपालिकाको निर्णयानुसार फटकशिला खानेपानी योजना शिर्षकमा विनियोजन भएको रकम रु २५०००००/०० मध्ये रु.१७०००००/०० बराबरको पाइप तथा फिटिङ्गस् खरिद गर्ने र बाँकी रकमको खानेपानी मर्मत सम्वन्धी विविध कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयनको लागि फटकशिला ग्रामीण खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई अनुमती दिने।

८. आगामी आर्थिक वर्ष २०७८/७९ मा बजेट विनियोजनको लागि देहाय बमोजिमका योजनाहरु संघीय सरकार तथा प्रदेश सरकारसँग माग गर्नेः

| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भोटेचौर खानेपानी योजना | मे.न.पा.-१ | | |
| २. | पाटीगाउँ सिन्धुकोट पुल-१५ नं हुदै सिन्धुकोट हेल्थपोष्ट | मे.न.पा.-१ | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | सिद्धेश्वर-सुयलछाप-निवुगाऊँ सडक | मे.न.पा.-२ | | |
| ४. | तपचुली पर्यटन स्थल (पातालगुफा समेत) पूर्वाधार विकास | मे.न.पा.-२ | | |
| ५. | जिरोकिलो-हैबुङ-पाटीभन्ज्याङ सडक कालोपत्रे | मे.न.पा.-३ | | |
| ६. | चिसापानी पर्यटन विकास योजना | मे.न.पा.-३ | | |
| ७. | पाटीभन्ज्याङ-थानकुने-ओखेनीचौर सडक स्तरोन्नती | मे.न.पा.-४ | | |
| ८. | थानाभन्ज्याङ गढी पर्यटन पूर्वाधार विकास | मे.न.पा.-४ | | |
| ९ | चनौटे माझीगाउँ कात्तिके मानेभन्ज्याङ (१२ नं. ) हुदै कात्तिके सिमपानी मानेभन्ज्याङ (६ नं.) जोड्ने सडक | मे.न.पा.-५ | | |
| १० | महादेवस्थान कैदले सोले थुम्का सिंचाइ निर्माण | मे.न.पा.-५ | | |
| ११ | धौले छोतर्ने निर्माण | मे.न.पा.-५ | | |
| १२ | तालामाराङ-कोलेचौर-मानेभन्ज्याङ सडक | मे.न.पा.-६ | | |
| १३ | निग्लिनी खोला-पसलेडाँडा खानेपानी तथा सिंचाई | मे.न.पा.-६ | | |
| १४ | नाम्के र्याले सिंचाइ योजना | मे.न.पा.-७ | | संघ |
| १५. | फट्टे धार्ना ककनी सेर्माथाङ मोटरबाटो | मे.न.पा.-७ | | |
| १६. | दाउचेत केउरानी लाभगाउँ ककनी मोटरबाटो कालोपत्रे | मे.न.पा.-८ | | संघ |
| १७. | ओखरबोट खोला ठुलोखेत सिंचाइ | मे.न.पा.-८ | | |
| १८. | वडा कार्यालय भवन निर्माण | मे.न.पा.-९ | | |
| १९. | मेलम्ची-ज्यामिरे गुफा जोड्ने सडक | मे.न.पा.-९ | | |
| २०. | पात्ले धुले-रयाले खानेपानी | मे.न.पा.-९ | | |
| २१. | मेलम्ची- नवलपुर- चौतारा जोड्ने सडक कालोपत्रे | मे.न.पा.-१० | | |
| २२. | शहरे खोला दोभान-इन्द्रावती नदी नियन्त्रण | मे.न.पा.-१० | | |
| २३. | मेलम्ची-डडुवा-सुलिकोट सडक ढलान/कालोपत्रे | मे.न.पा.-११ | | |
| २४. | धुसेनीचौर धौले पर्यटन्न पार्क तथा सिढी निर्माण(खानेपानी समेत) | मे.न.पा.-११ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५. | बाहुनेपाटी-थाक्ले-धुसेनीचौर सडक कालोपत्रे | मे.न.पा.-१२ | | | |
| २६. | नेपालथोक माझीगाउँ खानेपानी योजना | मे.न.पा.-१२ | | | |
| २७. | मौवाबोट-नेपालथोक-पब्लिक स्कुल-भन्ज्याङ सडक | मे.न.पा.-१३ | | | |
| २८. | एक्लेवेसी ठुलोखोला(साठीमुरे फाँट) सिंचाइ | मे.न.पा.-१३ | | | |

९. चालु आर्थिक वर्षको कसर प्रभावित क्षेत्रको क्षतिपूर्तिबापत संकलित रकमबाट योजना कार्यान्वयनको लागि वडा नं. १०, १२ र १३ को कार्यलयबाट सिफारिश भइ आए बमोजिम **चालु वर्षको आन्तरिक श्रोततर्फका योजनाहरु बोलपत्र मार्फत कार्यान्वयन गर्दा बचत हुने रकमबाट भुक्तानी दिने गरी** देहाय बमोजिमका योजना कार्यान्वयन गर्न अनुमती दिने र अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने ।

| क.सं. | वडा नं. | योजनाको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १० | नगर चक्रपथको बाघमारा खोलामा कल्भर्ट/कजवे निर्माण | ८५००००.०० | |
| | जम्मा | | ८५००००.०० | |
| २ | १२ | भन्ज्याङ्ग खानेपानी योजनामा थप रकम | ३९५०००.०० | |
| ३ | १२ | ठाँटी ढोडेनी सडक निर्माण | २०००००.०० | |
| ४ | १२ | साना खानेपानी योजना मर्मत | १७५०००.०० | |
| ५ | १२ | डुंडेखोला नेपाने सिंचाईकुलो मर्मत | ८००००.०० | |
| | जम्मा | | ८५००००.०० | |
| ६ | १३ | पञ्चमुखी महादेव मन्दिर निर्माण | ६५००००.०० | |
| ७ | १३ | चुवाको बोट भोटडाँडा सडक | ३०००००.०० | |
| ८ | १३ | दंगालथोक भोटडाँडा ठूलो खोला सडक | २९५००००.०० | |
| ९ | १३ | चण्डेनी कोटडाँडा सडक | ३०००००.०० | |
| | जम्मा | | ४२०००००.०० | |

१०. नगर सभाबाट स्वीकृत वडा स्तरीय योजनाहरु संशोधनको लागि सम्वन्धित वडा समितिबाट सिफारिश भइ आएबमोजिम योजना तथा बजेट संशोधन गरी कार्यान्वयन गर्न अनुमती दिने।

| सि.नं. | वडा नं. | साविक योजना/ कार्यक्रमको नाम | स्वीकृत रकम रु. | संशोधित योजना/ कार्यक्रमको नाम | संशोधित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|

| सि.नं. | वडा नं. | साविक योजना/ कार्यक्रमको नाम | स्वीकृत रकम रु. | संशोधित योजना/ कार्यक्रमको नाम | संशोधित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | वडा कार्यालयमा तथ्याङ्क संकलन | १०००००/- | वडा कार्यालय व्यवस्थापन | ६००००/- | |
| | | | | स्वास्थ्य स्वयंसेविका प्रोत्साहन | ४००००/- | |
| २ | २ | कोरोना रोकथाम तथा नियन्त्रण | ३०००००/- | कार्यालयको लागि प्लाष्टिक कुर्सी खरिद | ५००००/- | |
| | | | | भवनको उद्घाटन र अन्य खर्च | १५००००/- | |
| | | | | भलिबल खेलमा सहभागिता खर्च | १०००००/- | |

११. बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा तथा मेलम्ची नगरपालिकाको बाल अधिकार संरक्षण र सवर्द्धन सम्वन्धी कार्यविधि, २०७७ को दफा ६० को उपदफा (२ ) बमोजिम उपप्रमुख श्री भगवती नेपालको संयोजकत्वमा देहायबमोजिम सदस्य रहने गरी नगरस्तरीय बाल अधिकार समिति गठन गर्ने ।

१.उपप्रमुख श्री भगवती नेपाल -संयोजक
२. नगर कार्यपालिका सदस्य श्री पार्वती वि.क. -सदस्य
३. नगर सभा सदस्य श्री टिकादत्त धिताल -सदस्य
४. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री रवीप्रसाद शर्मा -सदस्य
५. जनस्वास्थ्य शाखा प्रमुख श्री भोजराज खनाल -सदस्य
६. महिला बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख श्री जीवनाथ भण्डारी -सदस्य
७. मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख डा. विनोद के.सी. -सदस्य
८. इलाका प्रहरी कार्यालय प्रमुख प्रहरी निरिक्षक श्री फलबहादुर तामाङ -सदस्य
९. जनता मा.वि. ज्यामिरेका प्र.अ. श्री केदार विष्ट -सदस्य
१०. तेर्से मा.वि. तालामाराङ्गका फोकल शिक्षक श्री चाँदनी तामाङ -सदस्य
११. सामाजिक कार्यकर्ता श्री केशव पौडेल, मेनपा ५ -सदस्य
१२. नगर बाल सञ्जाल प्रतिनिधि श्री रविन सापकोटा -सदस्य
१३. नगर बाल सञ्जाल प्रतिनिधि श्री एलिना कार्की -सदस्य
१४. प्रतिनिधि, महिला आत्म निर्भरता केन्द्र -सदस्य
१५. प्रतिनिधि, Child Nepal -सदस्य
१६. बाल कल्याण अधिकारी श्री झपेन्द्रराज खरेल -सदस्य सचिव

१२. आफ्नो गाउँ आफै बनाऔ  विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम योजना/कार्यक्रम प्रस्ताव आव्हान गरी ७ दिन म्याद दिइ सूचना जारी गर्ने र प्राप्त हुने प्रस्तावको मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति गठन गर्नेः

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक श्री कृष्णप्रसाद चौलागाई | - संयोजक |
| पूर्वाधार विकास समिति संयोजक श्री जितराज थापा | -सदस्य |
| सामाजिक विकास समिति संयोजक श्री ज्ञानेन्द्र श्रेष्ठ | -सदस्य |
| विधायन समिति संयोजक श्री रुद्रप्रसाद दुलाल | -सदस्य |
| संस्था विकास तथा क्षमता विकास समिति संयोजक श्री सुदर्शन लुइटेल | -सदस्य |
| वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्री वसन्त गुरुङ | -सदस्य |

१३. मे.न.पा-१० स्थित मेलम्ची बालुवा प्रशोधन प्रा.लि. र मे.न.पा-१२ बाँसबारी स्थित रक्तमाला रोडा ढुंगा उद्योग प्रा.लि. लामो समय देखि कोभिड लगायत विविध कारण सञ्चालनमा नआएकोले आर्थिक स्थिति अत्यन्तै कमजोर भइ धरासायी भएको र यस वर्ष कच्चा पदार्थ समेत उत्खनन् गर्न नसकेको हुँदा कम्पनीले नगरपालिकालाई राजस्व रकम दाखिला गर्न नसक्ने भनी लेखी पठाएको सम्बन्धमा स्थलगत अनुगमन गरी यथार्थ विवरण सहित प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको समिति गठन गर्ने।

| | |
|---|---|
| उपप्रमुख श्री भगवती नेपाल | संयोजक |
| वडाअध्यक्ष श्री कृष्णप्रसाद चौलागाई | सदस्य |
| वडाध्यक्ष श्री जीतराज थापा | सदस्य |
| वडाध्यक्ष श्री वसन्त गरुङ्ग | सदस्य |
| वडाध्यक्ष श्री ज्ञानेन्द्र श्रेष्ठ | सदस्य |
| नगरपालिकाको प्राविधिक कर्मचारी १ | सदस्य |
| राजश्व शाखा प्रमुख श्री राजेन्द्र दुलाल | सदस्य-सचिव |